नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

मा.मन्त्रीस्तरबाट स्वीकृतः मिति २०८२/०६/२७
पहिलो संशोधन मा.मन्त्रीस्तरबाट स्वीकृतः मिति २०८३/०६/०२

# प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी र प्रतिफलमुखी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि, वन तथा पर्यावरण मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

+(क१) "**अनुदान**" भन्नाले स्वीकृत बजेट तथा कार्यक्रमबाट पशुपन्छी तथा मत्स्य कार्यक्रम सञ्चालनका लागि यस कार्यविधि बमोजिम छनौट भएका लाभग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सुविधा, पूर्वाधार विकास, वस्तुगत सहायता तथा अन्य सहायता सम्झनु पर्छ।

(क) *"**कार्यक्रम**" भन्नाले मन्त्रालयबाट प्रदेश वा स्थानीय तहमा वा दुवैमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकाससँग सम्बन्धित कार्यक्रम सम्झनु पर्छ।

(ख) "**कार्यविधि**" भन्नाले प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्झनु पर्छ।

(ग) "**कार्यालय**" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको जिल्लास्थित कार्यालय वा स्थानीय तह अन्तर्गतको पशु विकास महाशाखा वा शाखा वा दुवैलाई सम्झनु पर्छ।

(घ) "**निर्देशनालय**" भन्नाले प्रदेश मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास विषय क्षेत्र हेर्ने निर्देशनालय सम्झनु पर्छ।

(ङ) *"**मन्त्रालय**" भन्नाले नेपाल सरकारको कृषि, वन तथा पर्यावरण मन्त्रालय सम्झनु पर्छ।

(च) "**पशुपन्छीजन्य उत्पादन**" भन्नाले पशुपन्छीबाट उत्पादन हुने दूध, अण्डा, माछा, मासु, ऊन, पश्मिना सम्झनु पर्छ र सो शब्दले पशुपन्छी तथा माछाबाट उत्पादन हुने अन्य वस्तु समेतलाई जनाउँछ।

(छ) "**प्रदेश मन्त्रालय**" भन्नाले प्रदेश सरकारको पशुपन्छी तथा मत्स्य विकास विषय क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) *"**लाभग्राही**" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका पशुपन्छीपालन वा मत्स्यपालन वा दुवै गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएका निजी फर्म, उद्यमी, समूह, सहकारी र कम्पनी सम्झनु पर्छ।

(झ) "**विभाग**" भन्नाले नेपाल सरकारको पशु सेवा विभाग सम्झनु पर्छ।

+थप भएका प्रावधान
*संशोधन गरिएको प्रावधान



सचिव

(ञ) "स्थानीय तह" भन्नाले प्रचलित कानून बमोजिमको गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले दफा १२ बमोजिमको कार्यक्रम कार्यान्वयन सहजीकरण समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रमको व्यवस्थापकीय पक्ष र सञ्चालन विधि एवम् प्रक्रिया

**३. कार्यक्रमको कार्यक्षेत्र र बजेटः** *(१) यस कार्यविधिको अधिनमा रही प्रदेश मन्त्रालय वा कार्यालयबाट परिच्छेद-२(ङ) बमोजिमका र स्थानीय तहबाट परिच्छेद-२(क), परिच्छेद-२(ख), परिच्छेद-२(ग) र परिच्छेद-२(घ) बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(२) प्रदेश मन्त्रालयमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रम सम्बन्धित प्रदेशको प्रचलित कानून बमोजिम कार्यान्वयन गर्न सकिनेछ।

(३) कार्यक्रम सञ्चालनका लागि कार्यक्रमको प्रकृति, सम्भावना र आवश्यकताको आधारमा सम्बन्धित कार्यालयले उपयुक्त क्षेत्र वा स्थान पहिचान गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्न क्षेत्र पहिचान भएमा सोहि बमोजिमको स्थानमा र क्षेत्र पहिचान नभएको अवस्थामा कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता र सम्भावनाका आधारमा अन्य क्षेत्रमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्न सम्बन्धित कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ र यसरी स्वीकृत वार्षिक बजेटको अधिनमा रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

**४. प्रस्तावको आव्हानः** (१) सम्बन्धित कार्यालयले यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक लाभग्राहीबाट अनुसूची-३ बमोजिमको ढाँचामा कम्तीमा २१ (एक्काइस) दिनको समयसीमा तोकी सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नु पर्नेछ।

+(क२) उपदफा (१) बमोजिमको प्रस्ताव आव्हान गर्दा अनुसूची-४ बमोजिमको लाभग्राही छनौट सम्बन्धी मापदण्डको बारेमा समेत सुसूचित गर्नु पर्नेछ। कार्यक्रमको उद्देश्यमा परिवर्तन नहुने गरी दफा १२ को उपदफा (१) बमोजिमको समितिले प्रस्ताव आव्हान गर्नु पूर्व नै मूल्याङ्कन तथा छनौटका थप आधारहरु निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव मागको सूचना सम्बन्धित कार्यालय र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने, बेवसाईटमा राख्ने र आवश्यकता अनुसार एफ.एम. रेडियो वा स्थानीय पत्रिकामा समेत सार्वजनिक गर्न सकिनेछ।

**५. आवेदन पेश गर्ने तथा लाभग्राही सूचिकरणः** (१) दफा ४ बमोजिमको सूचनाको अधिनमा रही लाभग्राहीले अनुसूची-५ बमोजिमको ढाँचामा तोकिएका कागजात समेत संलग्न गरी निवेदन र अनुसूची-६ बमोजिमको ढाँचामा संक्षिप्त कार्ययोजना सहित आवेदन पेश गर्नु पर्नेछ।

(२) सम्बन्धित कार्यालयले रितपूर्वक प्राप्त आवेदनका आधारमा इच्छुक लाभग्राहीको सूची तयार गर्नु पर्नेछ।

**६. लाभग्राही छनौटः** (१) रितपूर्वक प्राप्त प्रस्तावको मूल्याङ्कन तथा छनौटका लागि दफा १२ को उपदफा (१) बमोजिमको समितिले अनुसूची-४ बमोजिमका मूल्याङ्कन तथा छनौटका आधारमा मूल्याङ्कन तथा छनौट सम्बन्धी कार्य गर्नु पर्नेछ।

+थप भएका प्रावधान

*संशोधन गरिएको प्रावधान

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) समितिले प्रस्ताव छनौट गर्नु पूर्व आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(३) विगतमा अनुदान प्राप्त नगरेका लाभग्राहीलाई प्राथमिकता दिनु पर्नेछ।

**७. सम्झौता गर्नुपर्ने:** (१) छनौट भएका प्रस्तावको कार्यान्वयनका लागि सम्बन्धित आवेदकसँग कार्यालयले अनुसूची-७ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिमको सम्झौता अनुसार कार्य सम्पादन गर्नु लाभग्राहीको दायित्व हुनेछ।

**८. अनुदानको सीमा तथा खर्च:** (१) यस कार्यविधि बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा लागत अनुमानको आधारमा देहाय बमोजिम अनुदान सीमाभित्र रही सञ्चालन गर्नु पर्नेछ।

(क) *निजी पूर्वाधार निर्माण तथा औजार उपकरण खरिदमा अधिकतम पचास (५०) प्रतिशत।

(ख) व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन सामाग्री (पशु नश्ल, माछाका भूरा, बिउ-बेर्ना लगायत) खरिदमा अधिकतम पचास (५०) प्रतिशत।

(ग) सार्वजनिक निकायबाट सञ्चालन हुने प्राविधिक सेवा प्रवाह (प्रयोगशाला सामाग्री, महामारी नियन्त्रण, खोप कार्यक्रम, प्रविधि विस्तार/प्रसार लगायत) सम्बन्धी कार्यक्रमको हकमा शत (१००) प्रतिशतसम्म।

(घ) +सार्वजनिक पूर्वाधार निर्माणमा शत (१००) प्रतिशतसम्म।

(ङ) +सामुदायिक पूर्वाधार निर्माणमा अधिकतम पचासी (८५) प्रतिशत।

(च) +सामुदायिक पूर्वाधार स्तरोन्नती अधिकतम पचास (५०) प्रतिशत।

(२) कार्यक्रम सञ्चालन गर्दा अन्य खर्च सम्बन्धी विषय प्रचलित कानून र खर्च सम्बन्धी स्वीकृत मापदण्डको अधिनमा रही गर्नु पर्नेछ।

**९. अनुदान भुक्तानी:** (१) दफा ७ बमोजिम सम्झौता गरी कार्य सम्पन्न गरेका लाभग्राहीले भुक्तानीका लागि तोकिएको समयभित्र कार्यालयसमक्ष निवेदन पेश गर्नु पर्नेछ। सम्बन्धित कार्यालयले प्राप्त निवेदनको चेकजाँच तथा स्थलगत अनुगमन गरी प्राप्त कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रचलित कानून अनुसार अनुदान रकम सम्बन्धित लाभग्राहीको बैङ्क खातामा भुक्तानी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित कार्यालयले सार्वजनिक गर्नु पर्नेछ र सोको विवरण विभागको योजना तथा अनुगमन शाखामा समेत उपलब्ध गराउनु पर्नेछ।

**१०. तालिम, भ्रमण, गोष्ठी र अनुगमन:** (१) लाभग्राहीलाई प्राविधिक ज्ञान र सीप प्रदान गर्न कार्यालयले तोकिएको कार्यक्रमसँग सम्बन्धित तालिम, भ्रमण, गोष्ठी, अनुगमन तथा मूल्याङ्कन लगायतका प्राविधिक तथा प्रशासनिक क्रियाकलाप प्रचलित कानूनअनुसारका प्रक्रिया पुरा गरी सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिमका क्रियाकलाप कार्य सञ्चालन गर्दा तोकिएको कार्यक्रममा विनियोजित कूल बजेटको बढीमा पाँच (५) प्रतिशतसम्म खर्च गर्नुपर्नेछ।

+(३) उपदफा २ मा जुन सुकै कुरा लेखिएता पनि दफा १२(फ) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानूनअनुसारका प्रक्रिया पुरा गरी सञ्चालन गर्न बाधा पुग्ने छैन।

+थप भएका प्रावधान

*संशोधन गरिएको प्रावधान



सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

*११. **औषधी तथा खोप खरिदः** दफा १२(क), दफा १२(ख) र दफा १२(प) बाहेकको कार्यक्रमहरूका लागि औषधी तथा खोप खरिद क्रियाकलाप सञ्चालन गर्न आवश्यक भएमा विनियोजित बजेटको बढीमा बीस (२०) प्रतिशतसम्म खर्च गर्नु पर्नेछ।

१२. **कार्यक्रम कार्यान्वयन सहजीकरण समितिः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न स्थानीय तहको हकमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा तीन (३) सदस्यीय कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गर्न सकिनेछ। सो समितिको सदस्य-सचिवको कार्य सम्बन्धित स्थानीय तहको पशु सेवा महाशाखा वा शाखा प्रमुखले गर्नुपर्नेछ।

(२) स्थानीय तहमा उपदफा (१) बमोजिमको समान प्रकृतिको समिति वा उपसमिति भएमा सोही समिति वा उपसमितिले उक्त कार्य गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) यस कार्यविधिको अधिनमा रही समितिको कार्यविवरण देहाय अनुसाए हुनेछ।

(क) तोकिएको कार्यक्रम सञ्चालनका लागि बैठक आयोजना, उपयुक्त कार्यक्षेत्र र क्रियाकलाप पहिचान, बजेट विस्तृतीकरण, सूचना प्रकाशन, आवेदन सङ्कलन र लाभग्राही सूची तयारी सम्बन्धी पूर्वतयारीका कार्य गर्ने,

(ख) प्रस्ताव आव्हान पूर्व नै मूल्याङ्कन तथा छनौटका आधारहरू निर्धारण गर्ने,

(ग) रितपूर्वक प्राप्त प्रस्तावको मूल्याङ्कन गरी लाभग्राही छनौट एवम् सिफारिस गर्ने,

(घ) छनौट भएका लाभग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गरी सम्झौता सम्बन्धी पूर्व तयारीका कार्य गर्ने,

(ङ) सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन, प्रमाणीकरण तथा भुक्तानी सिफारिस गर्ने,

(च) कार्यक्रम सञ्चालन क्रममा आइपरेका समस्याको समाधान गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनका लागि विभाग तथा मन्त्रालयसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(५) प्राप्त आवेदनको प्रारम्भिक मूल्याङ्कन, स्थलगत निरीक्षण, छनौट, प्रमाणीकरण, अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्यमा सहयोग आवश्यक भएमा समितिले कार्यदल बनाउन सक्नेछ।

(६) प्रदेश तहमा सशर्त वित्तीय हस्तान्तरण भएको कार्यक्रम कार्यान्वयनमा सहजीकरणका लागि प्रदेश मन्त्रालयको हकमा प्रदेश सचिव वा निजले तोकेको पदाधिकारी, निर्देशनालयको हकमा निर्देशनालय प्रमुख र जिल्लास्थित कार्यालयको हकमा कार्यालय प्रमुखको संयोजकत्वमा तीन (३) सदस्यीय कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गर्न सकिनेछ। उक्त समितिले उपदफा (४) बमोजिमको कार्यविवरण अनुसारको कार्य गर्नु पर्नेछ।

## परिच्छेद-२(क)

## स्थानीय तहमा सेवामूलक कार्यक्रम

+१२ (क). **पशुपन्छीमा महामारी/आकास्मिक रोग नियन्त्रण तथा NAHIS रिपोर्टीङ्ग कार्यक्रमः** (१) पशुपन्छीमा देखिने विभिन्न सीमाविहीन रोगहरू जस्तैः लम्पी स्किन रोग, खोरेत, पिपिआर, रानीखेत, रेबिज, क्लासिकल स्वाईन फिभर, अफ्रिकन स्वाईन फिभर, भ्यागुते, चरचरे, ब्रुसेलोसिस, बर्ड फ्लु आदि रोगहरुको अन्वेषण तथा नियन्त्रण लगायतका कार्यमा खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) औषधि खरिद तथा उपचार,

+थप भएका प्रावधान
*संशोधन गरिएको प्रावधान



सचिव

(ख) खोप व्यवस्थापन,

(ग) नमूना सङ्कलन तथा सम्प्रेषण,

(घ) आउटब्रेक अन्वेषण तथा व्यवस्थापन,

(ङ) इपिडेमियोलोजिकल सूचना सङ्कलन तथा http://www.nahis.dls.gov.np (National Animal Health Information System; NAHIS) मार्फत प्रविष्टि तथा प्रेषण।

+१२(ख). **कुकुरमा रेबिज नियन्त्रण कार्यक्रमः** (१) सन् २०३० सम्म रेबिजबाट मानव मृत्यु शून्य बनाउन घरपालुवा, सामुदायिक तथा छाडा कुकुरमा रेबिज रोग नियन्त्रण गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य बाहेक रेबिज नियन्त्रण कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) रेबिज रोग नियन्त्रण सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन,

(ख) रेबिज रोग सर्भिलेन्स, नमूना प्रेषण तथा रिपोर्टिङ,

(ग) रेबिज विरूद्धको खोप कार्य र सोको लागि कार्य योजना तयारी,

(घ) रेबिज रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रकाशन, प्रसारण तथा सञ्चालन,

(ङ) सामुदायिक तथा छाडा कुकुर गणना तथा म्यापिङ,

(च) घरपालुवा कुकुरको दर्ता अभिलेखीकरण तथा प्रमाणीकरण,

(छ) सामुदायिक तथा छाडा कुकुरको संख्या नियन्त्रण,

(ज) रेबिज नियन्त्रणमा कार्यरत संघसंस्थाको अभिलेखीकरण,

(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत सरोकारवालासँग रेबिज नियन्त्रणको लागि अन्तरक्रिया।

+१२(ग). **एक पालिका एक भेटेरिनरी डाक्टरः** यस कार्यक्रम अन्तर्गत भेटेरिनरी डाक्टर नियुक्ती गर्दा "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०८२" अनुसार गर्नुपर्नेछ र नियुक्त भेटेरिनरी डाक्टरको नियुक्ती पत्रको छायाँप्रति अनिवार्य रुपमा पशु सेवा विभागमा पेश गर्नुपर्नेछ। नियुक्त भेटेरिनरी डाक्टरले देहाय बमोजिमका क्रियाकलापहरु गर्नुपर्नेछ।

(क) "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०८२" को अनुसूची-२ बमोजिमका कार्य,

(ख) स्थानीय तहमा देखिएका पशुपन्छीका सुचिकृत रोगहरुको सूचना सङ्कलन तथा राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली मार्फत प्रेषण,

(ग) पशुपन्छी रोग नियन्त्रणका लागि संचालित खोप अभियानमा अनिवार्य रुपमा सहभागी हुने र कार्यक्रम सम्पन्न भए पश्चात सोको विवरण प्रदेश मन्त्रालय तथा विभागमा अनुसूची-९ बमोजिमको ढाँचामा पेश प्रेषण,

(घ) स्थानीय तहमा रहेका पशुपन्छी तथा मत्स्यको तथ्याङ्क अध्यावधिक गर्ने र सोको विवरण प्रदेश मन्त्रालय तथा विभागमा अनुसूची-११ बमोजिमको ढाँचामा प्रेषण,

(ङ) विभागको योजना तथा अनुगमन शाखामा अनुसूची-८ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन पेश गर्ने।

+थप भएका प्रावधान

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम नियुक्त भेटेरिनरी डाक्टरलाई उपलब्ध गराउनु पर्ने प्रचलित कानून अनुसारको पारिश्रमिक एवम् सेवा सुविधाका लागि संघबाट विनियोजित बजेट अपुग भएको खण्डमा सम्बन्धित कार्यालयले आफ्नै स्रोतबाट आवश्यक रकम व्यवस्थापन गर्न बाधा हुने छैन।

## परिच्छेद-२(ख)

## स्थानीय तहमा उत्पादन अभिवृद्धि कार्यक्रम

⁺१२(घ). **कृत्रिम गर्भाधान कार्यक्रमः** पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक फ्रोजन सिमेन र तरल नाइट्रोजन खरिद, ढुवानी तथा वितरण,

(ख) कृत्रिम गर्भाधान अभिलेख व्यवस्थापन तथा अनिवार्य प्रेषण,

⁺१२(ङ). **याक चौरी प्रवर्द्धन कार्यक्रमः** याकको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र याकचौरीजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) याक, नाक, चौरी खरिद तथा ढुवानी,

(ख) जलवायु मैत्री घुम्ती गोठ निर्माण तथा सुधार,

(ग) चरनखर्क सुधार तथा व्यवस्थापन,

(घ) आहार तथा पिउने पानीको व्यवस्थापन सम्बन्धी कार्य,

(ङ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(च) पशुको पहिचान तथा अभिलेखिकरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेखिकरण,

(छ) प्रजनन् अभिलेख व्यवस्थापन,

(ज) याकचौरीको बेसलाइन सर्भे (तथ्याँक सङ्कलन) तथा प्रेषण,

(झ) गोठालाको लागि अत्यावश्यक सामाग्री (टेन्ट, गमबुट, ग्लोब, टर्च, रेनकोट, सोलार बत्ती लगायत) व्यवस्थापन,

(ञ) चरन क्षेत्रमा ब्वाँसो, हिउचितुवा लगायतका जनावरको आक्रमणबाट याकचौरी जोगाऊन आवश्यक यन्त्र उपकरण व्यवस्थापन।

⁺१२(च). **च्याङ्ग्रा प्रवर्द्धन कार्यक्रमः** च्याङ्ग्राको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र च्याङ्ग्राजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) च्याङ्ग्रा खरिद,

(ख) जलवायु मैत्री घुम्ती गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन,

(ग) घाँसेवाली प्रवर्द्धन तथा चरन खर्क सुधार र आहार तथा पिउने पानीको व्यवस्थापन सम्बन्धी कार्य,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य

(ङ) पशुको पहिचान तथा अभिलेखिकरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेखिकरण,

(च) प्रजनन् अभिलेख व्यवस्थापन,

(छ) जैविक सुरक्षा सम्बन्धी कार्य,

⁺थप भएका प्रावधान



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ज) गोठालाको लागि अत्यावश्यक सामाग्री (टेन्ट, गमबुट, ग्लोब, टर्च, रेनकोट, सोलार बत्ती लगायत) व्यवस्थापन,

(झ) चरन क्षेत्रमा ब्वाँसो, हिउचितुवा लगायतका जनावरको आक्रमणबाट च्याङ्ग्रा जोगाऊन आवश्यक यन्त्र उपकरण व्यवस्थापन,

(ञ) पश्मिना उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक सामाग्री, यन्त्र तथा उपकरण,

(ट) पश्मिना उत्पादन तथा प्रशोधनसँग सम्बन्धित ज्ञान र सिप अभिवृद्धिका लागि प्रविधि प्रसार सम्बन्धी कार्य।

+१२(छ). **भेडा प्रवर्द्धन एवम् ऊन प्रशोधन कार्यक्रमः** भेडाको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र भेडाजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) भेडा/थुमा खरिद,

(ख) जलवायु मैत्री घुम्ती गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन,

(ग) घाँसेवाली प्रवर्द्धन तथा चरन खर्क सुधार र आहार तथा पिउने पानीको व्यवस्थापन सम्बन्धी कार्य,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशुको पहिचान तथा अभिलेखिकरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेखिकरण,

(च) प्रजनन् अभिलेख व्यवस्थापन,

(छ) जैविक सुरक्षा सम्बन्धी कार्य,

(ज) गोठालाको लागि अत्यावश्यक सामाग्री (टेन्ट, गमबुट, ग्लोब, टर्च, रेनकोट, सोलार बत्ती लगायत) व्यवस्थापन,

(झ) चरन क्षेत्रमा ब्वाँसो, हिउचितुवा लगायतका जनावरको आक्रमणबाट भेडा जोगाऊन आवश्यक यन्त्र उपकरण व्यवस्थापन,

(ञ) ऊन उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक सामाग्री, यन्त्र तथा उपकरण,

(ट) ऊन उत्पादन तथा प्रशोधनसँग सम्बन्धित ज्ञान र सिप अभिवृद्धिका लागि प्रविधि प्रसार सम्बन्धी कार्य।

+१२(ज). **भैंसी प्रवर्द्धन कार्यक्रमः** भैंसीको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र भैंसीजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) पाडी/भैंसी खरिद,

(ख) जलवायु मैत्री गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन,

(ग) आहारा व्यवस्थापन,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशुको पहिचान तथा अभिलेखिकरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्य,

(छ) दूध उत्पादन तथा प्रशोधनका लागि आवश्यक सामाग्री, यन्त्र तथा उपकरण।

+१२(झ). **चरन खर्क सुधार कार्यक्रमः** चरन तथा खर्कहरुको संरक्षण तथा प्रवर्द्धन मार्फत चरन खर्कमा आस्रित पशु अनुवाशिंक स्रोतको संरक्षण, संवर्दन र दिगो उपभोग गर्दै स्थानीय समुदायको जीविकोपार्जन सुधार, जलवायु

+थप भएका प्रावधान



सचिव

परिवर्तनले पारेको असर न्यूनिकरण र पर्यापर्यटन प्रवर्द्धन गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) चरन खर्कमा उपलब्ध स्थानीय तथा उन्नत जातका घाँस प्रवर्द्धनका लागि बीउ, मलको व्यवस्थापन,

(ख) चरन खर्कमा पानीको मुहान/स्रोत वा पोखरी, बाटोघाटो, गोरेटो/घोडेटो, पुलपुलेसा लगायतका संरचना निर्माण तथा सुधार,

(ग) चरन खर्कमा भएका विषालु घाँस तथा वनस्पतीहरुको नियन्त्रणका लागि आवश्यक कार्य,

(घ) खर्कको गुणस्तरमा ह्रास आउन नदिन उत्पादन स्तर एवम् क्षमता अनुसार चरिचरन गर्ने व्यवस्था मिलाउनका लागि आवश्यक व्यवस्थापकीय कार्य,

(ङ) चरन खर्कमा गोठालाको लागि अत्यावश्यक सामाग्री (टेन्ट, गमबुट, ग्लोब, टर्च, रेनकोट, सोलार बत्ती लगायत) व्यवस्थापन।

+१२(ञ). **घाँसेबाली स्रोत केन्द्र सुदृढीकरण कार्यक्रमः** घाँसको अनुवाशिंक स्रोत संरक्षण, प्रवर्द्धन एवम् उचित सदुपयोग गर्दै पशु आहाराको माग पूर्ति गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) बिउबेर्ना उत्पादन तथा नर्सरी तथा प्लट व्यवस्थापनमा आवश्यक मूल बीउ, मल, यन्त्र, उपकरण लगायतका सामग्रीको व्यवस्थापन,

(ख) बिउबेर्ना उत्पादनका आवश्यक प्लास्टिक घर, सिचाई संरचना, तारबार लगायतका संरचनाको निर्माण तथा सुधार,

(ग) बीउ प्रशोधन तथा प्रमाणीकरण,

(घ) बीउ प्याकेजिङ्ग सामाग्री तथा मेसिनरी औजार व्यवस्थापन,

(ङ) उत्पादन र बिक्रिवितरण अभिलेखिकरण एवम् विभागमा तोकिए अनुसार प्रेषण।

+१२(ट). **सार्वजनिक निजी साझेदारीमा सञ्चालित च्याङ्ग्रा विकास फार्म चराङ व्यवस्थापन कार्यक्रमः** सार्वजनिक निजी साझेदारीमा सञ्चालित च्याङ्ग्रा विकास फार्म व्यवस्थापनको लागि यस कार्यक्रम अन्तर्गत उपभोक्ता समितिको समन्वयमा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) जलवायु मैत्री गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन,

(ख) नश्ल सुधार एवम् प्रजनन् अभिलेख,

(ग) घाँसेवाली प्रवर्द्धन, चरन खर्क सुधार एवम् आहारा व्यवस्थापन,

(घ) सिंचाई तथा खानेपानी संरचना निर्माण तथा सुधार,

(ङ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(च) फार्मका लागि आवश्यक सामाग्री (दाना, हे, साइलेज, मिनरल मिक्सर, ट्याग, पश्मिना निकाल्ने काइयो, ढाकर, बेल्चा, दानापानी खुवाउने भाँडा लगायत) व्यवस्थापन,

(छ) गोठालाको लागि अत्यावश्यक सामाग्री (टेन्ट, गमबुट, ग्लोब, टर्च, रेनकोट, सोलार बत्ती लगायत) व्यवस्थापन,

(ज) भेटेरिनरी जे.टी.ए., हेरालु तथा व्यवस्थापकको पारिश्रमिक,

(झ) जैविक सुरक्षा सम्बन्धी कार्य,

(ञ) पश्मिना उत्पादन, सङ्कलन, भण्डारण तथा प्रशोधनका लागि आवश्यक सामाग्री, यन्त्र तथा उपकरण,



+थप भएका प्रावधान

सचिव

(ट) पश्मिना उत्पादन तथा प्रशोधनसँग सम्बन्धित ज्ञान र सिप अभिवृद्धिका लागि प्रविधि प्रसार सम्बन्धी कार्य।

+१२(ठ). **रैथाने पशुपन्छीपालन प्रवर्द्धन कार्यक्रमः** रैथाने पशुपन्छीको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न र रैथाने पशुपन्छीजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) छनौट, प्राकृतिक गर्भाधान तथा प्रजनन् अभिलेख व्यवस्थापन सम्बन्धी कार्य,

(ख) जलवायु मैत्री गोठ/खोर निर्माण तथा सुधार,

(ग) आहार तथा पिउने पानीको व्यवस्थापन सम्बन्धी कार्य,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशुको पहिचान तथा अभिलेखिकरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेखिकरण,

(च) रैथाने पशुपन्छीको बेसलाइन सर्भे (तथ्याङ्क सङ्कलन) तथा प्रेषण,

(छ) रैथाने पशुपन्छीजन्य पदार्थको प्रशोधन तथा बजारीकरण र सोको लागि आवश्यक संरचना निर्माण एवम् यन्त्र-उपकरण व्यवस्थापन।

(ज) चरनखर्क सुधार तथा व्यवस्थापन,

(झ) चरन क्षेत्रमा ब्वाँसो, हिउचितुवा लगायतका जनावरको आक्रमणबाट रैथाने पशुपन्छी जोगाउन आवश्यक संरचना निर्माण एवं यन्त्र उपकरण व्यवस्थापन।

+१२(ठ१) **खिम्ती क्षेत्रमा रहेका पशुपालन फार्म सुदृढिकरण कार्यक्रमः** खिम्ती क्षेत्रमा रहेका पशुपालन फार्मको सुदृढिकरण मार्फत पशुजन्य पदार्थको उत्पादन अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक लजिस्टिक (ग्लोब, सिथ, थईङ्ग किट, एप्रोन, गमबुट, ए.आइ.गन. लगायत) व्यवस्थापन,

(ख) कृत्रिम गर्भाधान सेवा सञ्चालनका लागि आवश्यक फ्रोजन सिमेन र तरल नाइट्रोजन खरिद, ढुवानी तथा वितरण,

(ग) आहारा व्यवस्थापन, घाँसेबाली प्रवर्द्धन तथा चरन खर्क सुदृढीकरण,

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) दूध उत्पादन तथा प्रशोधनका लागि आवश्यक

## परिच्छेद-२(ग)

## स्थानिय तहमा पूवार्धार विकास कार्यक्रम

+१२(ड). **दुग्ध संकलन केन्द्र/चिस्यान केन्द्र निर्माण तथा सुदृढीकरण कार्यक्रमः** गुणस्तरीय दूध सङ्कलन तथा भण्डारण गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) दूध सङ्कलन, प्रशोधन, भण्डारण र बिक्री वितरणका लागि आवश्यक संरचना निर्माण तथा सुदृढीकरण,

(ख) चिलिङ्ग भ्याट, मिल्क एनलाईजार, डिपफ्रिज, स्टेनलेस स्टिल क्यान, कण्टेनर लगायतका यन्त्र उपकरण खरिद तथा जडान।

+थप भएका प्रावधान

+१२(ढ). **पशु बधशाला तथा मासु जाँच ऐन कार्यान्वयन कार्यक्रमः** पशु बधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन गरी स्वच्छ र स्वस्थ्य मासु प्रशोधन, भण्डारण, दुवानी र बिक्री वितरण गरी जनस्वास्थ्य कायम गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) तथ्याङ्क सङ्कलन, सरोकारवालाहरुसँग छलफल, अनुगमन निरीक्षण, मासु निरीक्षक र मासु सुपरीवेक्षक परिचालन

(ख) पशु वधशाला/वधस्थल तथा मासु पसर निर्माण वा सुधारका लागि आवश्यक संरचना तथा पूर्वाधार निर्माण एवम् सुधार,

(ग) पशु वधशाला/वधस्थल एवम् मासु बिक्री कक्ष तथा आउटलेटका लागि आवश्यक फ्रिजर, डिपफ्रिज, कोल्ड रुम, ब्लास्टिङ्ग रुम, मिनी प्रयोगशाला, भ्याकुम प्याकर, डिहाईडिङ्ग मेसिन, स्टेनलेस स्टिल टेबल, मिट कटर, स्केलस स्रेडर, चपिङ्ग बोर्ड, मिट ह्याङ्गर, ईलेक्ट्रिक वेयिङ्ग मेसिन, प्याकेजिङ् मेशीन लगायतका यन्त्र उपकरण खरिद एवम् जडान,

(घ) स्वच्छ र स्वस्थ्य मासु प्रशोधन, भण्डारण, दुवानी र बिक्री वितरणसँग सम्बन्धित ज्ञान र सिप अभिवृद्धिका लागि प्रविधि प्रसार तथा जनचेतना सम्बन्धी कार्य,

(ङ) पशु वधशाला र वधस्थलबाट उत्पादन भएका मासुजन्य उप-पदार्थको संकलन वा प्रशोधन प्रवर्द्धन सम्बन्धी कार्यहरु।

(च) फोहरमैला व्यवस्थापन।

+१२(ण) **पशु कल्याण प्रवर्द्धनका लागि सामुदायिक पशु व्यवस्थापन कार्यक्रमः** छाडा तथा सामुदायिक पशु व्यवस्थापन गरी पशु कल्याण सुनिश्चित गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) गौशाला तथा काञ्जी हाउसको लागि भौतिक पूर्वाधार निर्माण, बारबन्देज तथा आवश्यक उपकरण तथा सामग्री व्यवस्थापन,

(ख) पशु वस्तुको आहारा (घाँस, पराल, दाना, मिनरल लगायत) व्यवस्थापन,

(ग) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(घ) जलवायु मैत्री गोठ निर्माण वा सुधार, गोबर ग्यास प्लाण्ट निर्माण, कम्पोष्ट पिट निर्माण तथा मलमुत्र व्यवस्थापन,

(ङ) जैविक सुरक्षा सम्बन्धी कार्य,

(च) गौशालामा आएका पशुको पहिचान तथा अभिलेखिकरण अनुसूची-१० बमोजिम अभिलेखीकरण,

(छ) पशु कल्याण प्रवर्द्धनसँग सम्बन्धित प्रविधि प्रसार तथा जनचेतना सम्बन्धी कार्य।

+१२(त) **वातावरणमैत्री गोठ/खोर निर्माण तथा सुधार कार्यक्रमः** वातावरणमैत्री पशुपालनलाई प्रवर्द्धन गर्दै जलवायु अनुकुलित गोठ/खोर व्यवस्थापनका लागि यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) पशुमा तापक्रम, आद्रता लगायतका वातावरणीय कारणबाट हुने तनाव व्यवस्थापनका लागि गोठ/खोरमा आवश्यक पर्ने संरचना निर्माण तथा सुधार,

+थप भएका प्रावधान



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) मलमूत्र र फोहर व्यवस्थापनको लागि आवश्यक संरचना निर्माण एवम् औजार, यन्त्र, उपकरण खरिद तथा जडान,

(ग) मलमूत्र प्रशोधन तथा जैविक मल उत्पादनका लागि आवश्यक संरचना निर्माण एवम् औजार, यन्त्र, उपकरण खरिद तथा जडान।

(घ) वातावरणमैत्री पशुपालन प्रवर्द्धनसँग सम्बन्धित प्रविधि प्रसार तथा जनचेतना सम्बन्धी कार्य।

## परिच्छेद-२(घ)
## स्थानीय तहमा निर्यात प्रवर्द्धन कार्यक्रम

+१२(थ) **छुर्पी प्रवर्द्धन कार्यक्रमः** गुणस्तरीय छुर्पीको उत्पादन तथा निर्यात प्रवर्द्धन गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) छुर्पी उत्पादन, भण्डारण, लेबलिङ्ग, प्याकेजिङ्ग र बिक्री वितरणका लागि आवश्यक सामग्री, तथा मेसिनरी औजार व्यवस्थापन एवम् पूर्वाधार निर्माण तथा सुधार,

(ख) छुर्पीको गुणस्तर मापन तथा गुणस्तर कायम राख्न प्रयोग हुने सामाग्री तथा यन्त्र उपकरणको खरिद एवम् जडान,

(ग) गुणस्तरीय छुर्पी उत्पादन, प्रशोधन र भण्डारणसँग सम्बन्धित ज्ञान र सिप अभिवृद्धिका लागि प्रविधि प्रसार तथा जनचेतना सम्बन्धी कार्य।

+१२(द). **मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रमः** राँगाभैंसीको मासु उत्पादन अभिवृद्धि मार्फत मुलूकलाई राँगाभैंसीको मासुमा आत्मनिर्भर बनाउन एवम् आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) पाडा खरिद तथा ढुवानी,

(ख) जलवायु मैत्री गोठ निर्माण वा सुधार तथा मलमुत्र व्यवस्थापन,

(ग) आहार व्यवस्थापन

(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,

(ङ) पशुको पहिचान तथा अभिलेखिकरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेखिकरण,

(च) जैविक सुरक्षा सम्बन्धी कार्य,

(छ) पाडाको फ्याटेनिङ्गका लागि आवश्यक सामाग्री, यन्त्र तथा उपकरण।

+१२(ध). **खोरेत रोग नियन्त्रण कार्यक्रमः** "जोनिङ्ग तथा कम्पार्टमेण्टलाइजेशन निर्देशिका, २०७८" र "खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका, २०८१" बमोजिम यस कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(क) खोरेत खोप कार्यक्रम सञ्चालनको लागि पारिश्रमिक तथा लजिस्टक व्यवस्थापन,

(ख) पशु हाट बजारमा खोप कार्यक्रम सञ्चालन,

(ग) पशुपन्छी निगरानी केन्द्र सञ्चालन तथा प्राविधिक स्वयंसेवक व्यवस्थापन,

(घ) निगरानी समूहको बैठक सञ्चालन,

(ङ) खोरेत रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी अभिमूखीकरण, जनचेतनामूलक सामग्री तयार तथा प्रसारण,

(च) पशु पहिचान तथा अभिलेखिकरण अनुसूची-१० बमोजिमको ढाँचामा अभिलेखिकरण,



+थप भएका प्रावधान

सचिव

(छ) खोरेत रोग नियन्त्रण कार्यक्रमसँग सम्बद्ध अन्य क्रियाकलापहरु।

## परिच्छेद-२(ङ)

## प्रदेश मार्फत सञ्चालन हुने कार्यक्रम

+१२(न). **पशुपन्छीका रोग नियन्त्रणका लागि खोप अभियान कार्यक्रमः** (१) पशुपन्छीमा लाग्ने लम्पी स्किन, खोरेत, पि.पि.आर., रेबिज, क्लासिकल स्वाईन फिभर, अफ्रिकन स्वाईन फिभर, भ्यागुते, चरचरे, रानीखेत, इन्टेरोटक्सिमिया लगायतका रोगको रोकथाम तथा नियन्त्रणका लागि यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) खोप कार्यक्रम सञ्चालनको लागि आवश्यक पारिश्रमिक तथा लजिष्टिक व्यवस्थापन,

(ख) खोप सञ्चय तथा ढुवानी व्यवस्थापन,

(ग) खोपको प्रभावकारिता परीक्षणका लागी नमूना संङ्कलन तथा सम्प्रेषण,

(घ) पशुपन्छीका रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी अभिमूखीकरण, जनचेतनामूलक समाग्री तयारी, प्रकाशन तथा प्रसारण।

(२) उपदफा (१) बमोजिमको खोप कार्यमा संलग्न खोपकर्तालाई खोप लगाए वापत् ठूला चौपायाको हकमा हिमाली र पहाडी क्षेत्रमा प्रति पशु तिस (३०) रूपैंया, तराई क्षेत्रमा प्रति पशु पच्चिस (२५) रूपैंया, बङ्गुरको हकमा प्रति पशु पन्ध्र (१५) रूपैंया, साना चौपायाको हकमा प्रति पशु दश (१०) रूपैंया र पन्छीको हकमा प्रति पन्छी एक (१) रूपैंयाका दरले पारिश्रमिक वापत रकम उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएको भएता पनि प्रदेश तथा स्थानीय तहले आफ्नो आर्थिक स्रोतबाट थप पारिश्रमिकको व्यवस्था गरी खोप कार्य सञ्चालन गर्न कुनै बाधा पर्ने छैन।

(४) उपदफा (१) बमोजिमको खोप कार्यमा संलग्न खोपकर्ताको खोप कार्यमा संलग्न हुँदाका बखत हुनसक्ने सम्भावित जोखिम रक्षावरण गर्न खोपकर्ता नियुक्त गर्ने निकायले स्वास्थ्य तथा जीवन बीमा गरी दिन सक्नेछ।

(५) खोप कार्य सम्पन्न भए पश्चात सम्बन्धित प्रदेशले सोको विवरण अनुसूची-९ बमोजिमको ढाँचामा तयार गरी पशु सेवा विभागको पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखाको इमेल ठेगानामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

+१२(प). **खोरेत रोग नियन्त्रणको लागि जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन कार्यक्रमः** "जोनिङ्ग तथा कम्पार्टमेण्टलाइजेशन निर्देशिका, २०७८" र "खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका, २०८१" बमोजिम खोरेत रोग नियन्त्रण क्षेत्र निर्धारण भएका सम्बन्धित प्रदेशहरुले खोरेत रोग मुक्त क्षेत्र कायम गर्न तथा विश्व पशु स्वास्थ्य सङ्गठन (World Organization for Animal Health; WOAH) को मान्यता प्राप्त गर्न यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) WOAH को मान्यता प्राप्त गर्न आवेदन साथ संलग्न गर्नुपर्ने दस्तावेज तथा डोसियरको तयारी एवम् सङ्कलन,

(ख) खण्ड (क) बमोजिमको दस्तावेज तथा डोसियरको प्रशोधन, विश्लेषण तथा प्रतिवेदन तयारी,

(ग) खण्ड (ख) बमोजिम तयार प्रतिवेदनको विभागमा प्रेषण,

(घ) खोरेत रोगको अन्वेषण (सर्भिलेन्स) तथा खोपको प्रभावकारिता परीक्षण (सेरोमोनिटरिङ्ग) का लागि नमूना सङ्कलन तथा सम्प्रेषण,

+थप भएका प्रावधान



सचिव

(ङ) पशुपन्छी निगरानी केन्द्र स्थापना, सञ्चालन तथा प्राविधिक स्वयंसेवक व्यवस्थापन,

(च) खोरेत रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी अभिमूखीकरण, जनचेतनामूलक समाग्री तयारी तथा प्रसारण,

(छ) खोरेत रोग नियन्त्रणमा संलग्न जनशक्तिको प्राविधिक ज्ञान र सिप अभिवृद्धिका तालीम लगायतका कार्य।

+१२(फ). **महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रमः** "पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६" को नियम (२०) को उपनियम (२) सँग सम्बन्धित पशुपन्छीका सूचिकृत रोगका साथै आकस्मिक रुपमा देखापर्न सक्ने अन्य संक्रामक रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) पशुपन्छीका रोगको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक औषधि, निसंक्रमणका लागि आवश्यक रसायन लगायतका सामग्री खरिद,

(ख) पशुपन्छीका रोगको अन्वेषण (सर्भिलेन्स) तथा खोपको प्रभावकारिता परीक्षण (सेरोमोनिटरिङ्ग) का लागि नमूना संङ्कलन, सम्प्रेषण तथा प्रतिवेदन,

(ग) राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (National Animal Health Information System; NAHIS) मार्फत पशुपन्छीका रोगको इपिडेमियोलोजिकल सूचना सङ्कलन, प्रविष्टि, भेरीफिकेसन तथा प्रमाणिकरण।

(घ) पशुपन्छीका रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धी अभिमूखीकरण, जनचेतनामूलक समाग्री तयारी तथा प्रसारण,

(ङ) पशुपन्छीका रोगको नियन्त्रणमा संलग्न जनशक्तिको प्राविधिक ज्ञान र सिप अभिवृद्धिका तालीम लगायतका कार्य।

+१२(ब). **पशुपन्छी तथा मत्स्य तथ्याङ्कको प्रमाणीकरण तथा प्रेषणः** (१) पशुपन्छी तथा मत्स्य तथ्याङ्क सङ्कलन, प्रमाणीकरण तथा प्रेषण गर्दा देहायको विधि अवलम्बन गर्नु पर्नेछ।

(क) जिल्लास्थित कार्यालयले स्थानीय तहबाट तथ्याङ्क सङ्कलन गर्ने,

(ख) प्रदेशस्थित पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय (प्रदेश निर्देशनालय) ले जिल्लाबाट सङ्कलित तथ्याङ्कलाई कम्पाईल गर्ने,

(ग) खण्ड (ख) बमोजिमको तथ्याङ्कलाई त्रिकोणियकरण तथा प्रमाणीकरण गर्न प्रदेश निर्देशनालयले जिल्लास्थित कार्यालय र सरोकारवालालाई सहभागी गराइ त्रिकोणियकरण तथा प्रमाणीकरण कार्यक्रम आयोजना गर्ने,

(घ) खण्ड (ग) बमोजिमको कार्यक्रममा सहजिकरण आवश्यक देखिए प्रदेश निर्देशनालयले विभागलाई प्राविधिक सहयोगको लागि अनुरोध गर्न सक्ने,

(ङ) प्रत्येक आर्थिक वर्षको कार्तिक महिना भित्र अघिल्लो आर्थिक वर्षको त्रिकोणियकरण र प्रमाणिकरण भएको अनुसूची-११ बमोजिमको तथ्याङ्क अनिवार्य रुपमा विभागमा प्रेषण गर्ने,

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) तथ्याङ्क त्रिकोणीयकरण तथा प्रमाणिकरण कार्यक्रमका सहभागी तथा सरोकारवालाहरुको सहभागिता भत्ता, आवत जावत खर्च तथा दैनिक भ्रमण भत्ता,

(ख) आवश्यक स्टेशनरी तथा मसलन्द खर्च, खाजा खर्च, विविध खर्च लगायतका प्रचलित कानून बमोजिमका अन्य खर्च।

+थप भएका प्रावधान



सचिव

+१२(भ). **पशुपन्छी बजार पूर्वाधार निर्माण तथा सुदृढीकरण कार्यक्रमः** स्वच्छ, स्वस्थ्य तथा गुणस्तरीय पशुपन्छी तथा मत्स्यजन्य पदार्थको आपूर्ति मार्फत उपभोक्ताको हित संरक्षण गर्दै जनस्वास्थ्य कायम राख्न यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) पशुपन्छी तथा माछाको सङ्कलन केन्द्रका लागि आवश्यक पूर्वाधार निर्माण तथा सुधार एवम् यन्त्र उपकरण खरिद तथा जडान,

(ख) पशुपन्छी र मत्स्यजन्य पदार्थको सङ्कलन, भण्डारण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधार निर्माण तथा सुधार एवम् यन्त्र उपकरण खरिद तथा जडान,

(ग) पशुपन्छी र मत्स्यजन्य पदार्थको गुणस्तर मापन तथा गुणस्तर कायम राख्न आवश्यक यन्त्र उपकरणको खरिद तथा जडान,

(घ) पशुपन्छी र मत्स्य मूल्य श्रृङ्खलासँग सम्बद्ध कृषक, व्यवसायी, मध्यस्थकर्ता लगायतको प्राविधिक ज्ञान र सिप अभिवृद्धिका लागि अभिमूखीकरण, तालीम, जनचेतनामूलक समाग्री तयारी तथा प्रसारण।

## परिच्छेद-३
## विविध

१३. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित कार्यालयले अनुसूची-८ बमोजिम अर्धवार्षिक र वार्षिक रुपमा विभागको योजना तथा अनुगमन शाखामा तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(२) विभागले आवश्यकता अनुसार थप विवरणहरु माग गर्न सक्नेछ र सो विवरणहरु उपलब्ध गराउने दायित्व सम्बन्धित कार्यालयको हुनेछ।

१४. **बीमा गर्नुपर्नेः** यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने लाभग्राहीले अनिवार्य रुपमा पशुपन्छी तथा मत्स्य बीमा गर्नु पर्नेछ।

१५. **अनुदानको दुरुपयोग गर्न नहुनेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले प्राप्त अनुदानको दुरुपयोग गरेको वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

१६. **दोहोरो सुविधा लिन नपाउनेः** लाभग्राहीले तोकिएको कार्य गर्नका लागि एक भन्दा बढी निकाय वा तहबाट अनुदान प्राप्त गर्नु हुँदैन। तर अन्य साझेदारसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख भएको अवस्थामा दोहोरो नहुने गरी क्षमता विस्तारका लागि अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

१७. **अनुगमन र मूल्याङ्कनः** (१) संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायबाट संयुक्त वा छुट्टाछुट्टै रुपमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ। अनुगमन तथा मूल्याङ्कन गर्दा आवश्यकता अनुसार सम्बन्धित सरोकारवालालाई समेत सहभागी गराउन सकिनेछ ।

(२) अनुगमनको क्रममा दिइएका निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय र लाभग्राहीको कर्तव्य हुनेछ ।

(३) विभागले प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा सञ्चालित कार्यक्रमहरुको वार्षिक समीक्षा गर्नुपर्नेछ।

(४) अनुगमन र मूल्याङ्कनको आधारमा मन्त्रालय तथा विभागले सालबसाली रुपमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र आवश्यक निर्देशन दिन सक्नेछ ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

१८. अन्यः (१) स्वीकृत अनुदान रकममा कार्यक्रम सञ्चालन गर्दा कर सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधिमा उल्लेख नभएका तर प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमका सम्बन्धमा जुन तहमा हस्तान्तरण भएको हो सोही तहले त्यस्ता कार्यक्रम कार्यान्वयनको लागि यसै कार्यविधि बमोजिमको अनुदानको सीमा र प्रचलित कानूनको प्रतिकुल नहुने गरी आवश्यक कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्न बाधा पर्ने छैन।

१९. व्याख्या, **संशोधन र बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ फुकाउ वा संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउ वा संशोधन गर्न सक्नेछ।

सचिव

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

प्रदेश मन्त्रालय मार्फत सञ्चालन हुने कार्यक्रम

✂..............................................

सचिव

✂...... हटाइएको प्रावधान

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२
(दफा ३ को उपदफा (१)सँग सम्बन्धित)
स्थानीय तह मार्फत हस्तान्तरण भएको कार्यक्रम

✂.............................................

✂...... हटाइएको प्रावधान

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## प्रस्ताव आव्हानको सूचना

प्रकाशन मितिः ..................

यस कार्यालयको आ.व. ....... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "**प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**" बमोजिम देहायका कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी कृषि फर्म, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी र कृषि कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ..... औं दिनको कार्यालय समय भित्र यस कार्यालयमा तपसिल अनुसारका कागजात सहित प्रस्ताव दर्ता गर्नहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघेर प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | कार्यक्रम लागू हुने क्षेत्र | लक्षित वर्ग/ समुदाय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

*पुनश्चः कार्यक्रम सञ्चालन कार्यविधि तथा निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा यस कार्यालयको वेवसाइट ............................ बाट डाऊनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि फोन नं...................... मा सम्पर्क गर्नुहुन अनुरोध छ।*

तपसिल

(क) आवेदकको नेपाली नागरिकताको प्रतिलिपि,
(ख) आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि,
(ग) कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने प्रमाणको प्रतिलिपि,
(घ) सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि,
(ङ) संघसंस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(च) निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपि,
(छ) लाभग्राहीको कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,
(ज) लाभग्राहीको कार्य समितिका पदाधिकारीहरुको नामावली,
(झ) यसै प्रकृतिको कार्यक्रमका लागि विगत दुई (२) वर्ष देखि अनुदान नलिएको स्व-घोषणा पत्र,
(ञ) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले आवश्यक ठानेका अन्य प्रमाण तथा कागजात।

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-४

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कन फारम

| क्र.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | आवश्यक कागजातहरुको संलग्नता | ६ |
| २. | लक्षित वर्ग, क्षेत्र र मापदण्ड अनुरुप आवेदकको उपयुक्तता | १२ |
| ३. | प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता | १२ |
| ४. | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल | १५ |
| ५. | कार्ययोजनामा लागत साझेदारीको आँकलन र सोको प्रतिवद्धता | ५ |
| | जम्मा | ५० |

सचिव

श्री नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-५

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

निवेदनको ढाँचा

मितिः ..................

श्री प्रमुखज्यू,

.......................................।

विषयः आवेदन बारे।

तहाँ कार्यालयको मिति ......................... को सूचना अनुसार ............................................... कार्यक्रम सञ्चालन गर्न इच्छुक भई प्रस्तावित कार्ययोजना र आवश्यक कागजात यसै निवेदनसाथ संलग्न राखी पेश गर्दछु/गर्दछौं। कार्यक्रम सञ्चालनमा नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु/गर्दछौं।

निवेदकको

नामः

दस्तखतः

प्रस्तावकको नाम र थरः

स्थायी ठेगानाः

प्रस्तावित कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन हुने स्थानः

संलग्न कागजातहरुको सूची

| क.सं. | संलग्न कागजातहरुको विवरण | पाना संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-६

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

संक्षिप्त कार्ययोजना

१. आवेदकको विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| ठेगाना | |
| सम्पर्क नम्बर | |
| दर्ता भएको भए दर्ता गर्ने निकाय र मिति | |

२. हालको व्यवसायिक संलग्नता

| | |
|---|---|
| हाल संलग्न व्यवसायको नाम | |

सञ्चालित क्रियाकलापहरु

| क.सं. | हाल सञ्चालित क्रियाकलापहरु |
|---|---|
| | |
| | |
| | |
| | |

मुख्य उत्पादन र कारोवार विवरण

| हाल उत्पादन गर्ने गरिएका वस्तुहरु | वार्षिक परिमाण | कारोबार रकम (रु.) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

| | |
|---|---|
| व्यवसायबाट सिर्जित रोजगारी संख्या | |

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. प्रस्तावित व्यवसायको विवरण

| सञ्चालन गरिने व्यवसाय | |
|---|---|

सञ्चालन गरिने क्रियाकलापहरु

| क्र.सं. | प्रस्तावित क्रियाकलाप | इकाई | परिमाण | दर | कूल लागत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

लागत साझेदारी विवरण

| आवेदकले व्यहोर्ने रकम रु. | अनुदान रकम रु. | जम्मा रु. |
|---|---|---|
| | | |

४. प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धि

क.

ख.

ग.

सचिव

अनुसूची-७

(दफा ७ को उपदफा (१)सँग सम्बन्धित)

## द्विपक्षीय सम्झौताको ढाँचा

आर्थिक वर्ष .................... को सशर्त वित्तीय हस्तान्तरण मार्फत प्राप्त ........................................... कार्यक्रम सञ्चालन गर्न श्री ......................................................... (यसपछि प्रथम पक्ष भनिने) र श्री ......................................................... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरु परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने गरी यो द्विपक्षीय सम्झौता गरी दियौं/लियौं।

तपसिल

क. प्रथम पक्षको दायित्व

१. यस सम्झौता बमोजिम सञ्चालन भएका कार्यक्रमको आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गरी आवश्यक सल्लाह सुझाव एवम् पृष्ठपोषण गर्ने।

२. दोस्रो पक्षबाट अनुदान रकमको दुरुपयोग हुन सक्ने देखिएमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा समेत सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिश गर्न तथा प्रचलित नियामानुसारको कारवाहीको प्रक्रिया शुरु गर्न सक्ने।

३. यस सम्झौता अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात नियमानुसारको कर कट्टा गरी बाँकी रकम रु. ............... अक्षरुपी .............................. रुपैयाँ मात्र दोस्रो पक्षलाई उपलब्ध गराउने।

ख. दोस्रो पक्षको दायित्व

१. ................ जिल्ला .................... गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिका ...... नं. वडाको .............. स्थानमा ............. आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्ने।

२. प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना अनुसारका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्डको अधिनमा रही सम्पन्न गर्ने।

३. कार्यक्रम सञ्चालनका लागि जग्गाको व्यवस्था, डिजाईन, ईष्टिमेट, सुपरभिजन, निर्माण, स्पेशीफिकेसन, खरिद, ढुवानी लगायतका कार्यको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

४. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दीगोपनका लागि गरिने सम्पूर्ण कार्यहरु तथा अप्रत्याशित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

५. त्रैमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी एवम् कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउने।

७. कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपमा अनुसूची-११ बमोजिमको सूचना पाटी राख्नु पर्नेछ।

दुवै पक्षको दायित्व

१. कार्यक्रम सञ्चालनको दौरान कुनै कुरा परिमार्जन गर्नु परेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

२. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

दोस्रो पक्षको तर्फबाट
हस्ताक्षर
नामः
पदः
संस्थाको नामः
संस्थाको छापः

रोहवर
हस्ताक्षरः
नामः
पदः

प्रथम पक्षको तर्फबाट
हस्ताक्षर
नामः
पदः
कार्यालयको नामः
कार्यालयको छापः

रोहवर
हस्ताक्षरः
नामः
पदः

इति सम्वत ................ साल ................. महिना .............. गते रोज ......... शुभम्।

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-८

(दफा १२(ग) र दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

अर्धवार्षिक/वार्षिक प्रगति प्रतिवेदन

आ. व.: ........................  प्रतिवेदन अवधिः ....................

कार्यालयको नामः ..................................  कार्यालय कोडः .............................  कार्यक्रम/आयोजनाको नामः ..........................

स्थानः (क) जिल्लाः ..................  (ख) स्थानीय तहः ...............................

प्रगति फारम

*रकम रु. (हजारमा)*

| क.सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | वार्षिक लक्ष्य | | | अर्धवार्षिक लक्ष्य | | | अर्धवार्षिक प्रगति | | वार्षिक प्रगति | | सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | | | |

समस्या र समाधान

| सशर्त कार्यक्रमको नाम | कार्यान्वयनमा देखिएका समस्या | समस्या समाधानका लागि सुझाव |
|---|---|---|
| | | |
| | | |

तयार गर्नेः
नामः
पदः
दस्तखतः

प्रमाणित गर्नेः
नामः
पदः
दस्तखतः

सचिव

अनुसूची-९

(दफा १२(ग) र दफा १२(न) को उपदफा (५) सँग सम्बन्धित)

## खोप अभियान कार्यक्रमको विवरण

आ. व. ..............................        स्थानीय तहः        जिल्लाः

| क्र.सं. | मिति | वडा नं | खोपको नाम | खोप लगाइएका | | | खोप लगाउने व्यक्तिको नाम र सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पशु | पशु प्रकार | संख्या | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१०

(दफा १२(ङ), दफा १२(च), दफा १२(छ), दफा १२(ज), १२(ठ) दफा १२(ण), दफा १२(द) र १२(ध) सँग सम्बन्धित)

पशुको पहिचान तथा अभिलेखिकरण

मितिः

प्रदेशः जिल्लाः

स्थानीय तहको नामः वडा नं.:

| क्र.सं. | कृषकको नामथर | ठेगाना | पशुको नाम/संकेत नम्बर | प्रजाति/जात | लिङ्ग | जन्म मिति/उमेर | रंग/चिन्ह | खोप लगाएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

सचिव

कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-११

(दफा १२(ग) र दफा १२(ब) को उपदफा (१) सँग सम्बन्धित)

तालिका नं. १ आ. व. ................. मा पशुपन्छीको तथ्याङ्क (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले भर्ने)

| सि.नं. | जिल्ला | गाई | भैंसी | बाख्रा | भेडा | बङ्गुर | कुखुरा | हाँस | याक/चौरी | च्याङ्ग्रा | घोडा/खच्चड | खरायो | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

तालिका नं. २ आ. व. .......... मा वार्षिक गाईभैंसी र याकको दूध उत्पादन तथ्याङ्क (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले भर्ने)

| सि.नं. | जिल्ला | दुहुना पशु संख्या | | | वार्षिक उत्पादन (मे. टन) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दुहुना गाई | दुहुना भैंसी | दुहुना याक | गाईको दुध | भैंसीको दुध | याक दुध | जम्मा दुध |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

तालिका नं. ३ आ. व. ............ मा वार्षिक मासु उत्पादन तथ्याङ्क (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले भर्ने)

| सि.नं. | जिल्ला | वार्षिक उत्पादन (मे. टन) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भैंसीको मासु | भेडाको मासु | बाख्राको मासु | कुखुराको मासु | बङ्गुरको मासु | हाँसको मासु | खरायोको मासु | च्याग्राको मासु | जम्मा मासु |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

तालिका नं. ४ आ. व. ............ मा वार्षिक अण्डा उत्पादन तथ्याङ्क (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले भर्ने)

| सि.नं. | जिल्ला | अण्डा पार्ने पन्छीको संख्या | | वार्षिक अण्डा उत्पादन संख्या (हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | | अण्डा पार्ने कुखुरा | अण्डा पार्ने हाँस | कुखुराको अण्डा | हाँसको अण्डा | जम्मा अण्डा |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

सचिव

तालिका नं. ५ आ. व. ............ मा वार्षिक ऊन उत्पादन तथ्याङ्क (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले भर्ने)

| सि.नं. | जिल्ला | भेडाको संख्या | ऊन उत्पादन (के.जी.) |
|---|---|---|---|
| | | | |
| | | | |
| जम्मा | | | |

तालिका नं. ६ आ. व. ......... मा वार्षिक माछा उत्पादन तथ्याङ्क (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले भर्ने)

| विवरण | वार्षिक उत्पादन | | | |
|---|---|---|---|---|
| | पोखरी संख्या | जम्मा क्षेत्रफल (हे.) | माछा उत्पादन (मे.टन) | उत्पादकत्व (के.जी.)/हे. |
| १. मत्स्यपालनबाट माछा उत्पादन | | | | |
| १.१ पोखरीमा माछापालन | | | | |
| हिमाल | | | | |
| पहाड | | | | |
| तराई | | | | |
| १.२ अन्य क्षेत्र (सिमसार) | | | | |
| १.३ धान खेतमा माछापालन (हे) | | | | |
| १.४ केजमा माछापालन (मि३) | | | | |
| १.५ इन्क्लोजरमा माछापालन (हे.) | | | | |
| १.६ रेसवेमा ट्राउट पालन (हे.) | | | | |

| विवरण | वार्षिक उत्पादन | | | |
|---|---|---|---|---|
| | पोखरी संख्या | जम्मा क्षेत्रफल (हे.) | माछा उत्पादन (मे.टन) | उत्पादकत्व (के.जी.)/हे. |
| १.७ सरकारी क्षेत्रबाट माछा उत्पादन (मे.टन.) | | | | |
| २. प्राकृतिक जलाशयबाट माछा उत्पादन | | | | |
| २.१ नदी | | | | |
| २.२ ताल | | | | |
| २.३ रिजरभ्वायर | | | | |
| २.४ घोल ताल | | | | |
| २.५ तराईका सिंचित धान खेतमा माछा उत्पादन | | | | |
| कुल उत्पादन (मे.टन.) | | | | |
| ३ माछा भुरा उत्पादन तथा वितरण (संख्या हजारमा) । | | | | |
| ३.१ सरकारी क्षेत्र | | | | |
| क. ह्याचलिङ्ग ** | | | | |
| ख.फ्राई | | | | |
| ग.फिङ्गरलिङ्ग *** | | | | |
| ३.२ नीजि क्षेत्र | | | | |
| क. फ्राई | | | | |
| * | बीज उत्पादनलाई फ्राईको कुल उत्पादनमा गणना गरिनेछ। | | | |
| ** | सरकारी क्षेत्रबाट वितरण गरिएका ह्याचलिङ्ग निजी क्षेत्रले फ्राइ उत्पादन गर्न प्रयोग गर्छन्। समग्र बीज उत्पादनमा सरकारी क्षेत्रको २०% र नीजि क्षेत्रको ८० % योगदान रहेको छ। | | | |
| *** | फिङ्गरलिङ्गलाई फ्राईमा परिवर्तन गर्दा फ्राईको संख्या दोब्बर गरिन्छ। | | | |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

३.५



सचिव

तालिका नं. ७ आ. व. ............ मा पोखरीको माछाको उत्पादन तथ्याङ्क (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले भर्ने)

| सि.नं. | जिल्ला | वार्षिक उत्पादन | | | |
|---|---|---|---|---|---|
| | | पोखरी संख्या | क्षेत्रफल (हे.) | माछा उत्पादन (मे.टन) | उत्पादकत्व (के.जी.)/हे. |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

तालिका नं. ८ आ. व. ............ मा कृत्रिम गर्भाधान (कृ.ग.) तथ्याङ्क (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले भर्ने)

| सि.नं. | जिल्ला | भैंसीमा कृ.ग. (संख्या) | गाईमा कृ.ग. (संख्या) | बाख्रामा कृ.ग. (संख्या) | जम्मा कृ.ग. (संख्या) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

कृषि, वन तथा पशुपन्छी मन्त्रालय सिंहदरबार, काठमाडौं नेपाल

सचिव

अनुसूची-१२

(अनुसूची-७ सँग सम्बन्धित)

सूचना पाटीको ढाँचा

(साइजः ३ फिट X २ फिट)

..................................

(प्रादेशिक निकाय/स्थानीय तहको नाम)

१. सशर्त कार्यक्रमको नामः ................................................................

२. लाभग्राहीको नामः ........................................

३. ठेगानाः ..........................................................

४. कार्यक्रमको कूल लागत रु.: ..........................

५. अनुदान रकम रु.: ..........................

६. लाभग्राहीको योगदान रु.: ..........................

७. अन्य साझेदार निकायको सहयोग रु.: ..........................

८. कार्यक्रमको अवधिः ........./...../...... देखि ........./...../...... सम्म